पूर्वाञ्चल विश्वविद्यालय
परीक्षा व्यवस्थापन कार्यालय
विराटनगर, नेपाल ।

आ.व. २०८३-०८४ मिति : २०८३/०७/१६

श्री क्याम्पस प्रमुख/ डाईरेक्टरज्यू,
M.Sc.EM/CM/ISE/EPE/UDC/MEQ अध्यापन गराउने सम्पूर्ण क्याम्पस/ कलेजहरू ।

विषयः- **परीक्षाको Online आवेदन फारम भराउने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा ईन्जिनियरिङ्ग संकाय अन्तर्गतको बि.सं. २०८३ सालमा सञ्चालन हुने **M.Sc.EM/CM/ISE/EPE/UDC/MEQ** शैक्षिक कार्यक्रम **तेस्रो सेमेस्टरको नियमित तथा आंशिक** रुपमा त्यस स्कूल/क्याम्पस/कलेजमा अध्ययनरत विद्यार्थीहरूलाई **मिति २०८३/०८/०४** गते सम्म **परीक्षाको अनलाईन आवेदन फारम** भर्न/भराउनहुन सुचित गरिन्छ । विद्यार्थीहरूले अनलाइन परीक्षा फारम भरिसकेपछि यस कर्यालयको नविल बैक लि.को A/C 00710017518402 मा नियमानुसारको **परीक्षा तथा सम्बन्धन** शुल्क वापतको रकम **मिति २०८३/०८/०८ गते (24 November 2026)** भित्र जम्मा गरी सो को सक्कल भौचर **पू.वि. परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरमा सम्बन्धित स्कूल/क्याम्पस/कलेजको प्रतिनिधि मार्फत मिति २०८३/०८/११ गते भित्र उपलब्ध गराउनहुन जानकारी गराइन्छ ।** उक्त मितिसम्म परीक्षा आवेदन फारम भर्न छुट भएका विद्यार्थीहरुले विश्वविद्यालयको नियमानुसार थप विलम्ब शुल्कमा यसै सूचनामा उल्लेखित अवधिभित्र परीक्षा फारम भर्न सकिने व्यहोरा जानकारी गराईन्छ । साथै उक्त अवधि समाप्त भएपश्चात अनलाइन फारम स्वतः बन्द हुनेछ ।

परीक्षा आवेदन फारम **https://examform.puexam.edu.np/examregistration/** वा **www.puexam.edu.np** मा भएको **Exam Menu** भित्रको **Exam form** क्लिक गरी भर्न सकिने छ । साथै तपसिल बमोजिमको निर्देशनहरू अनिवार्य रुपमा पालना गर्न/गराउनहुन समेत जानकारी गराईन्छ ।

तपसिल :

१. अनलाईन मार्फत परीक्षा आवेदन फारम भर्नको लागि परीक्षार्थीहरूले आफु अध्ययनरत स्कूल/क्याम्पस/कलेजबाट अनुमती/स्वीकृतिका साथै ६ अंकको **student code** लिनुपर्ने छ ।
२. स्कूल/क्याम्पस/कलेजले स्वीकृति प्रदान गरेपछि परीक्षार्थीले आफ्नो Registration नम्बर र student code प्रयोग गरी माथी दिइएको website मा Login गरेर आवेदन फारम भर्नुपर्नेछ ।
३. परीक्षार्थीहरूले परीक्षा आवेदन फारममा भरेको विवरणको नाम, फोटो, email ID, आफुले परीक्षा दिने विषयहरू, * संकेत प्रदान गरिएका सम्पूर्ण विवरणहरू तथा अन्य विवरण समेत भरे नभरेको पूर्ण रूपले रूजु गरि अपलोड गर्नुपर्नेछ ।
४. सम्बन्धित स्कूल/क्याम्पस/कलेजहरूले परीक्षा आवेदन फारम अपलोड गर्दा परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरूको विषयगत संख्या (Subject-wise Data) Batch अनुसार अनिवार्य खुलाउनुपर्ने छ साथै आफ्ना विद्यार्थीहरूले भरेका फारामहरू Verify गरी विद्यार्थीहरूको संख्या अनुसारको परीक्षा तथा **सम्बन्धन शुल्क** बापतको रकम माथि उल्लेखित बैंक खातामा जम्मा गरी बैंक भौउचर अपलोड गर्नुपर्नेछ ।
५. नियमानुसार विश्वविद्यालयलाई बुझाउनु पर्ने परीक्षा तथा सम्बन्धन शुल्क प्राप्त नभएमा परीक्षा फारामहरू स्वीकृत गरिने छैन ।
६. परीक्षार्थीहरूले परीक्षा फाराम भर्दा केही प्राविधिक समस्या आएमा अविलम्ब सम्बन्धित स्कूल/क्याम्पस/कलेजमा सम्पर्क गर्नुपर्नेछ ।
७. परीक्षा आवदेन फाराम भर्दा लिखित तथा प्रयोगात्मक दुवै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ ।
८. कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराम भर्दा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन । साथै परीक्षा फाराममा सम्बन्धित विद्यार्थीले भर्नु पर्ने विषय फरक परेमा उक्त विषय सच्याउन प्रति विषय रू ५००।- शुल्क बुझाई विषय सच्याउन सकिने छ ।
९. सम्बन्धित स्कूल/क्याम्पस/कलेजले संचालन गर्ने आन्तरिक मूल्याङ्कन परीक्षामा अनुतिर्ण र अनुपस्थित विद्यार्थीको परीक्षाफल रद्द गरिनेछ ।
१०. **परीक्षा शुल्क देहाय बमोजिम हुनेछ-**

विवरण	शुल्क
१. नियमित/ आंशिक प्रति बर्ष/ प्रति विद्यार्थी (२०२० समुह देखि)	रु.२१००।-
२. आंशिक प्रति बर्ष/ प्रति विद्यार्थी (२०१९ समुह सम्म)	रु.१९००।-
बिलम्ब शुल्क	
३. तोकिएको म्याद समाप्त भएको मितिले ७ दिन भित्र	रु.१०००।-
४. परीक्षा शुरु हुनुभन्दा १० दिन अगाडि सम्म	रु.२०००।-
५. परीक्षा शुरु हुनुभन्दा ५ दिन अगाडि सम्म	रु.३०००।-
सम्बन्धन शुल्क (नियमित समूहलाई मात्र)	**रु.१५०००।-**

नोटः क्र.सं. ४ र ५ बमोजिमको शैक्षिक कार्यक्रम अनुसार पहिलो दिन सञ्चालन हुने परीक्षालाई सुरु भएको दिन मानिने छ ।

सह-परीक्षा नियन्त्रक